मरिण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/०८१

च.नं.:

## मझौला पशुपंक्षी दाना उद्योग स्थापनाको लागि प्रस्ताव आह्वान सम्बन्धी अत्यन्त जरुरी सूचना

*(सूचना प्रकाशित मितिः २०८०/०९/१३)*

मरिण गाउँपालिका को आ.ब. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मझौला पशुपंक्षी दाना उद्योग स्थापना कार्यक्रम संचालनको लागि अनुदान प्राप्त गर्न इच्छुक सार्बजनिक/शैक्षिक संस्था/कृषक समूह/कृषि सहकारी/बहुउद्देश्यीय सहकारी/कृषि फर्मबाट यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र देहायानुसार आवश्यक कागजात सहित पशु विकास शाखामा निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| क्र.सं. | कार्यक्रमको नाम | उपलब्ध हुने अनुदान रकम (रु) | साझेदारी गर्नुपर्ने रकम (रु) | कैफियत |
|---|---|---|---|---|
| १. | मझौला पशुपंक्षी दाना उद्योग स्थापना | २५ लाख | ६ लाख २५ हजार | |

❖ आवश्यक कागजातहरुः

१. यसै सूचना साथ संलग्न आवेदन अनुसारको आवेदन पत्र/स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अनुसूची-१ बमोजिमको प्रतिबद्धता पत्र र कार्यविधिमा तोके बमोजिमको २०% लगानी सुनिश्चितता प्रतिबद्धता पत्र,
२. कृषक समूह/सहकारी/फर्मको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
३. सहकारीको हकमा आ.व. २०७९/८० को लेखापरीक्षणको प्रतिवेदन,
४. समूह/सहकारीको हकमा समितिको बैठकको प्रतिलिपि,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस,
६. स्पष्ट दृष्टिकोण सहितको व्यवसायिक योजना (उत्पादन र बजारीकरण समेत),
७. जग्गा भाडा एवं लिजको हकमा कम्तीमा दश बर्षको करार सम्झौता पत्र र लालपुर्जाको प्रतिलिपि,
८. कम्तीमा १० वर्ष उद्योग संचालन निरन्तरता सुनिश्चिताको प्रतिबद्धता पत्र,
९. बैदेशिक रोजगार बाट फर्किएको हकमा सो कुरा खुल्ने प्रमाण,
१०. गाउँ कार्यपालिकाको कार्यालयले माग गरेका अन्य आवश्यक कागजातहरु ।

२०८०/०९/१३
ओम बहादुर दजा
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः थप जानकारीका लागि यस गाउँपालिका अन्तर्गत पशु विकास शाखा प्रमुखको सम्पर्क नं. ९८४४५१७७३९ मा सम्पर्क गर्न सकिनेछ ।*